# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ः संख्याः १५ मिति : २०८०/११/१४


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८०/११/१४ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको नियम नं. १५

**सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि, २०८०**

## सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/११/१४

गेरुवा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा संघीय, प्रदेश र स्थानीय तहको अनुदानमा शिक्षक र विद्यालय कर्मचारी पदपुर्तिलाइ निष्पक्ष,पारदर्शि र व्यवस्थित बनाइ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) बमोजिम आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार तथा गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि २०७६ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी गेरुवा गाउँ कार्यपालिकाको मिति २०८०/११/१४ गतेको निर्णयले स्वीकृत गरी यो **सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि,२०८०** लागु गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यबिधिको नाम "सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि, २०८०" रहेको छ ।

(२) यो कार्यबिधि गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. अर्थ र परिभाषा** :बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिकालाइ सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले गेरूवा गाउँपालिकाको कार्यालयलाइ सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरूवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च) "शिक्षा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख लाइ सम्झनु पर्दछ ।

छ) "बिव्यस " भन्नाले सामुदायिक विद्यालयमा गठन भएको विद्यालय ब्यवस्थापन समितिलाइ सम्झनु पर्दछ ।

ज) "छनोट समिति" भन्नाले यस कार्यबिधि बमोजिम गठन भएको शिक्षक तथा कर्मचारी छनोट समिति सम्झनु पर्दछ ।

झ) "बिशेषज्ञ" भन्नाले सामुदायिक विद्यालयमा करारमा शिक्षक र कर्मचारी छनोटका लागि विषयविज्ञका रुपमा सुचीकृत शिक्षकलाइ सम्झनु पर्दछ ।

ञ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारको स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान, प्राविधिक धार तर्फको प्रशिक्षक तथा सहायक प्रशिक्षक पदमा नियुक्त हुने शिक्षक, बालबिकास शिक्षक र सो पदमा कार्यरत शिक्षक सम्झनु पर्दछ।

ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारको अनुदानमा विद्यालय सहायक (लेखापाल), विद्यालय सहयोगी र अन्य विद्यालय कर्मचारी पदको रुपमा नियुक्त हुने र सो पदमा कार्यरत विद्यालय कर्मचारीलाइ सम्झनु पर्दछ।

ठ) "गाउँपालिका अनुदान शिक्षक र कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा गाउँपालिकाको स्वीकृत स्थानीय दरबन्दीमा गाउँपालिकाबाट प्रदान गरिने अनुदानबाट करार सेवामा नियुक्त हुने शिक्षक, बालबिकास शिक्षक, विद्यालय कर्मचारी र गाउँपालिका कार्यालयबाट नियुक्ति भइ कार्यरत रहेका शिक्षक, बालबिकास शिक्षक/सहजकर्ता र विद्यालय कर्मचारीलाइ समेत लाइ सम्झनु पर्दछ।

ड) "कार्यपालिका" भन्नाले गेरुवा गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्दछ।

ढ) "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई सम्झनु पर्दछ।

ण) "शिक्षा नियमाली" भन्नाले शिक्षा ऐन, २०५९ (संशोधन सहित) लाई सम्झनु पर्दछ।

त) "शिक्षक सेवा आयोग नियमाली" भन्नाले शिक्षक सेवा आयोग नियमवाली २०५७, (संशोधन सहित) लाई सम्झनु पर्दछ।

थ) "आयोग " भन्नाले शिक्षक सेवा आयोग लाई सम्झनु पर्दछ।

द) "विद्यालय" भन्नाले गेरुवा गाउँपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण सामुदायिक विद्यालय लाई सम्झनु पर्दछ।

ध) "बालबिकास शिक्षक" भन्नाले गेरुवा गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा प्रारम्भिक बालकक्षामा अध्यापन गर्ने बालबिकास शिक्षक, बालबिकास सहजकर्ता वा शिशु स्याहार सहजकर्ता लाई समेत सम्झनु पर्दछ।

न) "परिचालक" भन्नाले गेरुवा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालक लाई सम्झनु पर्दछ।

## परिच्छेद -२
## छनोट समिति सम्बन्धी ब्यवस्था

### ३. शिक्षक तथा कर्मचारी छनोट समिति

(१) सामुदायिक विद्यालयमा प्रअ वा करारमा शिक्षक र कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न, नेपाल सरकारको स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, अस्थायी /करार, साविक उच्च माध्यमिक, शिक्षण सहयोग अनुदान, प्राविधिक धारका प्रशिक्षक, सहायक प्रशिक्षक, बालबिकास शिक्षक र विद्यालय कर्मचारी करार सेवामा पदपुर्तिका लागि शिक्षा नियमावली २०५९(संशोधन सहित) को नियम (९६) मा ब्यवस्था भएबमोजिमको ५ सदस्यीय शिक्षक तथा कर्मचारी छनोट समिति रहनेछ।

(२) सामुदायिक सिकाइ केन्द्रमा परिचालक र समुदायमा आधारित प्रारम्भिक बालबिकास केन्द्रको बालबिकास शिक्षक करारमा छनोटको लागि सिफारिस गर्न देहायबमोजिमको ५ सदस्यीय समिति रहनेछ। केन्द्र ब्यवस्थापन समितिले छनोट भएको उम्मेदवार लाइ करार सम्झौता गराइ प्रचलित नियमानुसार नियुक्ति दिनुपर्नेछ।

| | |
|---|---|
| क) केन्द्र ब्यवस्थापन समितिको अध्यक्ष | संयोजक |
| ख) शिक्षा प्रमुख वा शिक्षा शाखामा कार्यरत अधिकृत स्तरको कर्मचारी १ जना | सदस्य |
| ग) समितिले सुचिकृत बिषय बिशेषज्ञहरुमध्येबाट छनोट गरेका कम्तिमा २ जना बिषय विज्ञ | सदस्य |
| घ) मातृ विद्यालयको प्रअ वा केन्द्र सञ्चालित विद्यालयको प्रअ | सदस्य सचिव |

(३) उपनियम (२) बमेजिमको समितिमा सामुदायिक सिकाइ केन्द्र परिचालक र बालबिकास शिक्षक पदपुर्तिका लागि छनोट समितिमा बिषय विज्ञको रुपमा प्राथमिक वा आधारभुत तहमा कार्यरत कम्तिमा स्नातक तह उतिर्ण भइ विज्ञको रुपमा सुचिकृत स्थायी शिक्षक लाइ छनोट गर्न सकिनेछ।

(४) उपनियम (१) बमोजिमको समितिमा विद्यालय सहायक कर्मचारी(लेखापाल) पदपुर्तिको लागि बिषय विज्ञको रुपमा नेपाल प्रशासन सेवा, लेखा समुहको अधिकृतस्तरको स्थायी कर्मचारी, वा कम्तिमा सहायकस्तर पाचौं तहको स्थायी कर्मचारी वा माध्यमिक तह लेखा बिषयको स्थायी शिक्षक, वा सो सरहको कर्मचारी लाइ छनोट गर्न सकिनेछ। ।

(५) उपनियम (१) बमोजिम विद्यालय सहयोगी (कार्यालय सहयोगी) पदपुर्तिको छनोट समितिमा बिषय विज्ञको रुपमा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको सहायकस्तर पाचौं तहको स्थायी कर्मचारी, वा सहायकस्तर चौथो तहको स्थायी कर्मचारी वा आधारभुत तहको स्थायी शिक्षक वा सो सरहको कर्मचारी लाइ छनोट गर्न सकिनेछ।

(६) उपनियम (१) बमोजिम माध्यमिक तह कक्षा ११-१२ को करार शिक्षक र प्रशिक्षक पदपुर्तिको छनोट समितिमा बिषय विज्ञको रुपमा मान्यता प्राप्त विश्वविद्यालय वा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसमा कार्यरत प्रध्यापक/उपप्रध्यापक/सहायक प्रध्यापक/प्रशिक्षक वा विज्ञापन गरिएको सम्बन्धित तह, बिषय र सेवा क्षेत्र भन्दा एक तह माथिल्लो स्तरको योग्यता भएको कुनै सार्वजनिक निकायमा कार्यरत कम्तिमा ५ बर्षको अनुभवी, स्थायी कर्मचारी वा शिक्षक/प्रशिक्षक लाइ छनोट गरिनेछ। सो अनुसार बिषय विज्ञ उपलब्ध हुन नसकेमा मात्र सामुदायिक

विद्यालयको साबिक उच्च माध्यमिक तहमा दरबन्दी वा अनुदान कोटामा कम्तिमा ५ बर्षको अस्थायी/करार सेवा गरेको शिक्षक/प्रशिक्षक वा सो सरहको कर्मचारी लाइ छनोट गर्न सकिनेछ।

(७) गाउँपालिका अनुदान शिक्षक र कर्मचारीको हकमा भने कार्यालयले सामुदायिक विद्यालयमा करारमा शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारी नियुक्ति एवम छनोटका लागि सिफारिस गर्न गाउँपालिकामा देहायबमोजिमको एक शिक्षक तथा कर्मचारी छनोट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) शिक्षा प्रशासन, शिक्षण वा परीक्षा क्षेत्रमा कम्तिमा १० बर्षको अनुभव प्राप्त ब्यक्ति, विज्ञ कर्मचारी वा अवकाशप्राप्त शिक्षक मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको ब्यक्ति १ जना — सदस्य

ग) समितिले सम्बन्धित तह, क्षेत्र र बिषयको सुचिकृत बिषय बिशेषज्ञहरुमध्येबाट छनोट गरेका कम्तिमा २ जना बिषयविज्ञ — सदस्य

घ) प्रशासन शाखा प्रमुख वा प्रशासन शाखामा कार्यरत अधिकृतस्तरको कर्मचारी — सदस्य

ङ) शिक्षा शाखा प्रमुख वा शिक्षा शाखामा कार्यरत कर्मचारी — सदस्य सचिव

पुनश्च:आधारभुत तहको शिक्षक छनोटको लागि सम्बन्धित बिषयमा स्नातक तह उतिर्ण र माध्यमिक तहको शिक्षक छनोटका लागि स्नातकोत्तर तह उतिर्ण गरेका सुचिकृत बिषयबिज्ञबाट समितिले २ जना बिशेषज्ञ छनोट गर्नेछ ।

(८) उपनियम (७) बमोजिमको समितिमा सामाजिक बिकास समितिको संयोजक वा सो समितिको सदस्य वा आवश्यकता अनुसार अन्य पदाधिकारीहरूलाइ समेत आमन्त्रण गर्न सकिनेछ ।

(९) उपनियम (७) बमोजिम मनोनित सदस्यको पदावधि २ बर्ष हुनेछ ।

(१०)शिक्षक तथा कर्मचारी छनोट समितिको सचिवालय गाउँपालिकामा हुनेछ ।

(११)समितिले तोकेको स्थानमा परीक्षा केन्द्र राखिनेछ ।

(१२)समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि सो समितिले आफै निर्धारण गरेबमोजिम हुनेछ ।

(१३) समितिले शिक्षक छनोट सम्बन्धमा आयोगबाट निर्धारण गरिएको मापदण्ड एवम जारी गरेको कार्यबिधिको पालना गर्नुपर्नेछ ।

**४. समितिको काम कर्तब्य र अधिकार** : छनोट समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. परीक्षा सञ्चालन हुनु पुर्व सरोकारवालाहरू सबै सँग आवश्यक सरसल्लाह, परामर्श एवम समन्वय गर्नु ।

२. परीक्षा सञ्चालन सम्बन्धमा मापदण्ड निर्धारण गर्ने ।

३. परीक्षा केन्द्र, केन्द्राध्यक्ष र निरीक्षक समेत तोक्ने ।

४. परीक्षाको लागि सूचना प्रकाशन, आवेदन फारम सकलन र त्यस्को अभिलेख राख्ने ब्यवस्था मिलाउने ।

५. परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी एवम जनशक्ति खटाउने र परीक्षा सम्बन्धी काममा संग्लन कर्मचारीहरूको पारिश्रमिक ब्यवस्थापनका लागि गाउँपालिकालाइ अनुरोध गर्ने ।

६. परीक्षा सञ्चालनार्थ आवश्यक पर्ने बजेट बिनियोजन र ब्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकालाइ सिफारिस गर्ने ।

७. निष्पक्ष, मर्यादित र ब्यवस्थित ढङ्गले परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण,सम्परीक्षण लगायतका कार्यहरू बिषय बिशेषज्ञ बाट सम्पादन गर्ने गराउने ।

८. परीक्षाको नतिजा प्रकाशित गर्ने र सफल उम्मेदवारलाइ नियुक्तिका लागि गाउँपालिकालाइ सिफारिस गर्ने ।

**५. पाठ्यक्रम सम्बन्धी ब्यवस्था** :

(१) सामुदायिक विद्यालयमा करार सेवामा शिक्षक पदपुर्तिका लागि सञ्चालन गरिने परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणाली आयोगले निर्धारण गरेबमोजिम तथा शिक्षक सेवा आयोग नियमावली, २०५७(संशोधन सहित) अनुसार परिमार्जित पाठ्यक्रम बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएता पनि बालबिकास शिक्षक र बिद्यालय कर्मचारीको प्राठ्यक्रमको हकमा भने प्रचलित कानुनको अधिनमा रहि सम्बन्धित तह,बिषय र क्षेत्रको सेवा शर्त सम्बन्धी ब्यवस्था तोकेर विद्यालय ब्यवस्थापन समितिबाट कार्यविधिमा उल्लेख गरेबमोजिम हुनेछ । त्यसरी ब्यवस्थापन समितिले स्वीकृत गरेको कार्यविधि गाउँपालिका कार्यालयबाट अनुमोदन भएपश्चात मात्र लागु हुनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै बिद्यालयले कार्यविधि जारी नगरेको खण्डमा यस कार्यविधिको अनुसूचीमा उल्लेखित बालबिकास शिक्षक र विद्यालय कर्मचारीको लागि निर्धारण गरिएको पाठ्यक्रम लागु गर्न सक्नेछ।

(४) गाउँपालिकाले यस कार्यविधिको अनुसूचीमा उल्लेखित पाठ्यक्रम गाउँपालिका अनुदान शिक्षक, बालबिकास शिक्षक,सामुदायिक सिकाइ केन्द्र परिचालक र विद्यालय कर्मचारी पदपुर्तिका लागि सञ्चालन गरिने परीक्षामा प्रयोग गर्नेछ ।

## परिच्छेद -३
## बिषय बिशेषज्ञ सम्बन्धी ब्यवस्था

**६. बिशेषज्ञ सुचिकरण प्रकिया** :(१) यस कार्यबिधी बमोजिम करार शिक्षक तथा कर्मचारी छनोट समितिमा रहने बिषय बिशेषज्ञ सुचिकृत गर्नका लागि गाउँपालिकाले १५ दिने सूचना प्रकाशित गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गाउँपालिकाबाट सुचना प्रकाशित गर्दा निवेदन साथ संग्लन गर्नुपर्ने कागजातहरू, तहगत तथा बिषयगत प्रश्नपत्रको नमुना सेटहरू र निवेदन दस्तुर समेत तोकिनेछ ।

(३) गाउँपालिकाले उपनियम (१) र (२) बमोजिम आवेदन दिएका स्थायी शिक्षकहरूको निवेदन साथ संग्लन कागजातहरू रुजु एवम अध्ययन गरी शिक्षा समितिको निर्णय अनुसार प्रत्येक तहका लागि छुट्टा छुट्टै बिशेषज्ञको सूची प्रकाशित गर्नेछ ।

(४) उपनियम (३) बमोजिम गाउँपालिकाले सुची प्रकाशन गर्दा आधारभुत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) र माध्यमिक तह (कक्षा ११-१२) का लागि बिषय समेत खुलाइ प्रकाशन गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले बिषय बिशेषज्ञको सुची सामान्यतया प्रत्येक २ बर्ष भित्र अद्यावधिक गर्नेछ ।

**७. बिशेषज्ञको योग्यता** : (१) विशेषज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति भइ कम्तिमा ५ बर्षको शिक्षण अनुभव भएको हुनुपर्ने तर महिला शिक्षकको हकमा भने ४ बर्षको शिक्षण अनुभव भए पुग्नेछ ।

(२) यस कार्यविधि बमोजिम बिषय बिशेषज्ञ हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछ ।

क) आधारभुत तह(कक्षा १-५) : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उतिर्ण भई शिक्षा बिषयमा कम्तिमा १० महिने तालिमप्राप्त गरेको

ख) आधारभुत तह(कक्षा ६-८) : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उतिर्ण भई शिक्षा बिषयमा कम्तिमा १० महिने तालिमप्राप्त गरेको

ग) माध्यमिक तह (कक्षा ९-१०) : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उतिर्ण उतिर्ण भई शिक्षा बिषयमा कम्तिमा १० महिने तालिमप्राप्त गरेको

घ) माध्यमिक तह (कक्षा ११-१२) : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.फिल. वा सो सरह उतिर्ण भई विश्वविद्यालयको आङगिक वा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसमा कार्यरत प्रध्यापक,उप-प्रध्यापक, सहायक प्रध्यापक वा सो सरहको कर्मचारी । यदि सो अनुसारको विज्ञ उपलब्ध हुन नसकेमा मात्र स्नातकोत्तर तह उतिर्ण भइ सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसमा कम्तिमा ५ बर्ष शिक्षण अनुभव गरेको प्रध्यापक, उपप्रध्यापक, सहायक प्रध्यापक, प्रशिक्षक वा सो सरहको विज्ञ भए हुनेछ ।

**८.बिशेषज्ञ छनोट सम्बन्धी ब्यवस्था** :बिशेषज्ञ छनोट सम्बन्धी मापदण्ड देहायबमोजिम हुनेछ ।

(१) गाउँपालिकाले बिषय बिशेषज्ञको सुची प्रकाशन नगर्दासम्मको लागि शिक्षा बिकास तथा समन्वय इकाइ बर्दिया जिल्लामा सुचिकृत बिषय बिशेषज्ञहरूको सुचीका आधारमा विशेषज्ञ छनोट गरिनेछ ।

(२) विज्ञापन बमोजिम कुनै तह/बिषयमा आवश्यक संख्यामा (कम्तिमा २ जना) बिशेषज्ञ सुचीकृत नभएमा वा सुचिकृत बिशेषज्ञहरू मध्येबाट परीक्षा सञ्चालनका दिन २ जना बिषयविज्ञ उपलब्ध हुन नसकेमा बर्दिया जिल्ला भित्रका अन्य स्थानीय तहमा सुचिकृत भएका बिशेषज्ञ वा छिमेकी पालिकामा सुचिकृत भएका बिशेषज्ञ बाट समेत बिशेषज्ञ छनोट गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमका बिषय बिशेषज्ञहरूमध्येबाट छनोट समितिले निर्णय गरी सामान्यतया परीक्षा सञ्चालन हुने दिन गोलाप्रथा द्वारा बिशेषज्ञ छनोट गरिनेछ ।

(४) गाउँपालिकाको शिक्षा शाखाले आवश्यक परेमा शिक्षा बिकास तथा समन्वय इकाइ बर्दिया र बर्दिया जिल्ला भित्रका अन्य स्थानीय तहमा सुचिकृत र छिमेकी पालिकामा समेत सुचिकृत भएका बिशेषज्ञहरूको सुची माग गरी अभिलेख राख्नेछ ।

(५) जुन बिद्यालय वा शिक्षण संस्थाका लागि विज्ञापन गरिएको हो सोहि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी विषय विज्ञको रुपमा छनोट गरिने छैन।

(६) माध्यमिक तह (कक्षा ११-१२) को करार शिक्षक र विद्यालय कर्मचारी पदपुर्तिका लागि सञ्चालन गरिने परीक्षाको हकमा सुचिकृत विशेषज्ञ उपलब्ध नभएता पनि कुनै बाधा पर्ने छैन ।

## परिच्छेद -४
## छनोट एवम पदपुर्ति प्रकिया

### ९. विज्ञापन अनुमति

(१) सामुदायिक विद्यालयले नेपाल सरकारको संघीय अनुदान तर्फ स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, अस्थायी /करार, साविक उच्च माध्यमिक, शिक्षण सहयोग अनुदान, प्राविधिक धारका प्रशिक्षक, सहायक प्रशिक्षक, बालबिकास शिक्षक र विद्यालय कर्मचारीको रिक्त पदपुर्तिका लागि विद्यालयले रिक्त भएको कम्तिमा १५ दिन भित्र बिव्यसको निर्णय गरी गाउँपालिका कार्यालयमा विज्ञापन अनुमतिका लागि माग गर्नुपर्नेछ ।

(२) गाउँपालिका कार्यालयले रिक्त दरबन्दिको बिबरण एकिन गरी पदपुर्तिका लागि विज्ञापन अनुमति प्रदान गरिदिन हुन सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा सिफारिस गर्नेछ।

(३) सम्बन्धित विद्यालयले शिक्षा विकास तथा समन्वय इकाइबाट विज्ञापन अनुमति लिइ रिक्त शिक्षक तथा कर्मचारी पदपुर्तिका लागि विज्ञापन प्रकिया अगाडी बढाउनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम बालबिकास शिक्षक/सहजकर्ताको हकमा भने गाउँपालिका कार्यालयले नै विज्ञापन अनुमति प्रदान गर्न सक्नेछ।

(५) गाउँपालिका अनुदान शिक्षक र कर्मचारी पदपुर्तिका लागि भने गाउँपालिका कार्यालयले रिक्त दरबन्दी विवरण एकिन गरी शिक्षक र कर्मचारी पदपुर्तिका लागि विज्ञापन प्रकिया अगाडी बढाउनेछ।

### १०. विज्ञापन

(१) सामुदायिक विद्यालयले रिक्त शिक्षक तथा कर्मचारी दरबन्दी बिबरण पदपुर्तिका लागि बिव्यसको निर्णय सहित रिक्त भएको पद, तह, श्रेणी र बिषय समेत खुलाइ गाउँपालिका कार्यालयमा कम्तिमा १५ दिन भित्र लेखि पठाउनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विद्यालयमा रिक्त भएका शिक्षक र कर्मचारी पदको बिवरण एकीन गरी कार्यालयले शिक्षक तथा कर्मचारी पदपुर्तिका लागि प्रचलित कानुन बमोजिम पहिलो पटक १५ दिने विज्ञापनको सुचना प्रकाशित गर्नुपर्नेछ । तर गाउँपालिका कार्यालयले बार्षिक वा अर्धवार्षिक रुपमा रिक्त हुन सक्ने शिक्षक एवम कर्मचारी पदको बिवरण अनुमान गरी एकै पटक विज्ञापन गर्न कुनै बाधा पर्ने छैन ।

(३) उपनियम (२) बमोजिम विज्ञापनको सुचना प्रकाशन गर्दा शैक्षिक योग्यता, सेवा शर्त लगायत सुविधा समेत उल्लेख गर्नुपर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम पहिलो पटक १५ दिने विज्ञापन र दोस्रो पटक पुनः१५ दिने विज्ञापन प्रकाशित गर्दा तोकिएको म्याद सम्म कुनैपनि योग्य उम्मेदवारको दरखास्त नपरेमा तेस्रो पटकमा ७ दिने विज्ञापन गरिनेछ ।

(५) उपनियम (४) बमोजिम तेस्रो पटकको ७ दिने विज्ञापनमा अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर, इन्जिनियरिङ, बालिविज्ञान लगायतका बिषयमा कुनैपनि उम्मेदवारको दरखास्त नपरेमा वा पदपुर्ति हुन नसकेमा विद्यालयमा श्रृजना हुनसक्ने पठनपाठनको समस्यालाइ मध्यनजर राख्दै चौथो पटक विज्ञापनमा शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम नलिएको वा शिक्षा शास्त्र संकायमा अध्ययन नगरेको भएता पनि उम्मेदवार हुन पाउने गरी ७ दिने सूचना प्रकाशन गरिनेछ।

(६) उपनियम (५) बमोजिम चौथो पटक विज्ञापनमा अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर, इन्जिनियरिङ, बालिविज्ञान लगायतका बिषयमा तोकिएको म्याद सम्म कुनैपनि उम्मेदवारको दरखास्त नपरेमा वा अध्यापन अनुमति पत्रका उम्मेदवारको आवेदन प्राप्त नभएमा विद्यालयमा श्रृजना हुनसक्ने पठनपाठनको समस्यालाइ मध्यनजर राख्दै पाचौं पटक पुनः ७ दिने र त्यसपछिको विज्ञापनमा समेत ७ दिने सूचना प्रकाशन गरी तालिम नलिएको र अध्यापन अनुमति पत्र (license) दुवै नभएका उम्मेदवारलाइ पनि आवेदनको अवसर प्रदान गरिनेछ।

(७) विद्यालयले समेत रिक्त शिक्षक र कर्मचारी पदपुर्तिका लागि पहिलो पटक र दोस्रो पटक १५/१५ दिने विज्ञापन आह्वान गर्नुपर्नेछ । त्यस पश्चात तेस्रो पटकको लागि ७ दिने विज्ञापन आह्वान गर्नुपर्नेछ । तेस्रो पटकको विज्ञापनमा समेत कुनै पनि योग्य उम्मेदवारको दरखास्त नपरेमा वा रिक्त पद पुर्ति हुन नसकेमा चौथो पटकको विज्ञापनमा तालिम नलिएको व्यक्तिले उम्मेदवार हुन पाउने गरी ७ दिने विज्ञापन आह्वान गर्नुपर्नेछ । चौथो पटकको विज्ञापनमा समेत योग्य उम्मेदवारको दरखास्त नपरेमा वा रिक्त पद पुर्ति हुन नसकेमा पाचौं पटक पुनः ७ दिने र त्यस पछिको विज्ञापनमा समेत ७ दिने सूचना प्रकाशन गरी सम्बन्धित बिषयमा तालिम नलिएको र अध्यापन अनुमति पत्र दुवै नभएको उम्मेदवारलाइ समेत आवदेन दिन पाउने गरी विज्ञापन गर्न कुनै बाधा पर्ने छैन।

(८) हरेक पटकको विज्ञापनको सूचना स्थानीय वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गरी गाउँपालिकाको वेवसाइट राख्ने राख्न लगाउने, सम्बन्धित विद्यालय, वडा कार्यालय, गाउँपालिका कार्यालय र अन्य सार्वजनिक निकायको सूचना पाटीमा समेत अनिवार्य रुपमा सुचना टाँस गरी मुचुल्का बनाइ राख्नुपर्नेछ।

**११.उम्मेदवारको योग्यता :**

(१) शिक्षक पदको लागि उम्मेदवार हुन शिक्षक सेवा आयोग नियमावली, २०५७(सशोधन सहित) को नियम (९) र अयोग्यता सम्बन्धी व्यवस्था नियम (१०) मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) बालबिकास शिक्षक पदको लागि उम्मेदवार हुन प्रारम्भिक बालबिकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदशक पुस्तिका, २०६७ (संशोधन सहित) मा उल्लेखित व्यवस्था अनुसार देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक

ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा कम्तिमा कक्षा १२ वा सो सरह उतिर्ण गरेको

ग) शिक्षक अध्यापन अनुमति पत्र प्राप्त गरेको

घ) १८ बर्ष उमेर पुरा भइ ४० बर्ष ननाघेको (२० बर्ष उमेर पुरा भइ ३५ बर्ष ननाघेको सम्भव भएसम्म विवाहित र स्थानीय महिलालाइ विशेष प्राथमिकता दिइने)

ङ) कम्तिमा ९० घण्टाको आधारभुत ब्यवहारिक तालिम प्राप्त गरेको ।

(३) विद्यालयको लेखापाल वा विद्यालय सहायक कर्मचारी पदको लागि उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्यवस्थापन, वाणिज्यशास्त्र संकाय वा लेखा मुल बिषय लिइ कक्षा १२ उतिर्ण वा सो सरह उतिर्ण गरेको.

ग) १८ बर्ष उमेर पुरा भइ ३५ बर्ष ननाघेको (महिला तथा अपाङ्गता भएको ब्यक्तिको हकमा ४० बर्ष ननाघेको)

घ) माथिल्लो योग्यता भएको र अनुभवी ब्यक्तिलाइ विशेष प्राथमिकता दिइनेछ।

(४) विद्यालय सहयोगी वा विद्यालयको कार्यालय सहयोगी पदको लागि उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक
ख) कम्तिमा एस इ ई परीक्षा वा सो सरह उतिर्ण गरेको
ग) १८ बर्ष उमेर पुरा भइ ३५ बर्ष ननाघेको (महिला तथा अपाङ्गता भएको ब्यक्तिको हकमा ४० बर्ष ननाघेको)
घ) माथिल्लो योग्यता भएको उम्मेदवार र गाउँपालिकाको स्थायी बासिन्दालाइ विशेष प्राथमिकता दिइनेछ।

(५) सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक
ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा कक्षा १२ (I.ed) वा सो सरह उतिर्ण
ग) १८ बर्ष उमेर पुरा भइ ३५ बर्ष ननाघेको (महिला तथा अपाङ्गता भएको ब्यक्तिको हकमा ४० बर्ष ननाघेको)

(६) विद्यालय प्रशासन, विद्यालय नर्स, लाइबेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी र बिभिन्न प्रशिक्षक जस्ता पदको लागि सेवा सँग सम्बन्धि योग्यता तथा तालिम प्राप्त गरेको हुनुपर्दछ।

(७) शिक्षक, विद्यालय कर्मचारी, विद्यालय नर्स, लाइबेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी र बिभिन्न प्रशिक्षक जस्ता पदहरुमा उम्मेदवार हुनका लागि देहायका ब्यक्तिहरु योग्य हुने छैनन।

क) गैर नेपाली नागरिक
ख) १८ बर्ष उमेर नपुगेको
ग) ४० बर्ष उमेर पुरा भएको (पुरुष कर्मचारीको हकमा ३५ बर्ष उमेर)
घ) मगज बिग्रेको
ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको
च) सम्बन्धित तह र पदका लागि निर्धारण गरिएको शैक्षिक योग्यता नपुगेको र तालिम नलिएको
छ) अध्यापन अनुमति पत्र नलिएको ।(शिक्षक पदको लागि मात्र)

**१२. दरखास्त फारम र दरखास्त शुल्क :** (१) यस कार्यविधि बमोजिम उम्मेदवार हुन चाहने ब्यक्तिले अनुसूची-१ मा उल्लेखित दरखास्त फारम भर्नुपर्नेछ।

(२) शिक्षक तथा कर्मचारीको पदपुर्तिका लागि विज्ञापन गर्दा प्रत्येक विज्ञापनमा देहायबमोजिमको दरखास्त शुल्क लिनेगरी आवेदन माग गरिनेछ।

- माध्यमिक तह शिक्षक वा सो सरह पदका लागि रु १,०००।
- आधारभुत तह शिक्षक वा सो सरह पदका लागि रु ७,००।
- प्राथमिक तह शिक्षक वा सो सरह पदका लागि रु ५,००।
- लेखापाल, विद्यालय नर्स वा सो सरह कर्मचारी पदका लागि रु ७,००।
- बालबिकास शिक्षक,विद्यालय सहयोगी पद वा सो सरहका लागि रु ५,००।
- सामुदायि सिकाइ केन्द्र परिचालक पदका लागि रू ५,००।

**१३.परीक्षा केन्द्र सम्बन्धी ब्यवस्था**

(१) शिक्षक तथा कर्मचारी पदपुर्तिको लागि सञ्चालन हुने जनशक्ति छनोटको परीक्षा केन्द्र गाउँपालिकाको कार्यालयमा वा गाउँपालिकाले तथा परीक्षा समितिले तोकेबमोजिमको स्थानमा हुनेछ।
(२) परीक्षा केन्द्रको केन्द्राध्यक्ष, निरीक्षक र कर्मचारी परीक्षा समितिले तोकेबमोजिम हुनेछ।
(३) परीक्षा हलभित्र केन्द्राध्यक्ष, निरीक्षक,परीक्षामा खटिएका कर्मचारी र परीक्षा समितिका सदस्यहरु बाहेक अन्य ब्यक्ति अनुमति बिना प्रवेश गर्न पाउने छैनन ।
(४) दुई वा दुइ भन्दा बढी विज्ञापन गरेको विद्यालयहरुको तह र बिषय मिल्न गएमा त्यस्तो विज्ञापनहरुको र विद्यालयहरुको परीक्षा एकै दिन पनि सञ्चालन गर्न सकिनेछ।

**१४.परीक्षा प्रणाली सम्बन्धी ब्यवस्था**

(१) करारमा शिक्षक र कर्मचारी लिखित, प्रयोगात्मक (आवश्यकता अनुसार) परीक्षा र अन्तर्वाताको माध्यमद्वारा छनोट गरिनेछ ।
(२) करार शिक्षक छनोटको लागि शिक्षक सेवा आयोगले निर्धारण गरको परीक्षाको पाठ्यक्रम प्रयोग गरी लिखित, प्रयोगात्मक (आवश्यकता अनुसार) र अन्तर्वाता परीक्षा सञ्चालन गरिनेछ।
(३) बालबिकास शिक्षक करारमा छनोटको लागि यस कार्यविधिको **अनुसूची -५** मा उल्लेखित अनुसारको पाठ्यक्रम प्रयोग गरी लिखित परीक्षा, प्रयोगात्मक (आवश्यकता अनुसार) र अन्तर्वाता सञ्चालन गरिनेछ।
(४) विद्यालय सहायक कर्मचारी (लेखापाल) करारमा छनोटको लागि यस कार्यविधिको **अनुसूची-६** मा उल्लेखित अनुसारको पाठ्यक्रम प्रयोग गरी लिखित परीक्षा, प्रयोगात्मक(कम्प्यूटर सीप परीक्षण) र अन्तर्वाता सञ्चालन गरिनेछ।
(५) सामुदायिक परिचालक करारमा छनोटको लागि यस कार्यविधिको **अनुसूची** -७ मा उल्लेखित अनुसारको पाठ्यक्रम प्रयोग गरी लिखित परीक्षा र अन्तर्वाता सञ्चालन गरिनेछ।
(६) विद्यालय सहयोगी कर्मचारी (कार्यालय सहयोगी) करारमा छनोटको लागि यस कार्यविधिको **अनुसूची -८** मा उल्लेखित अनुसारको पाठ्यक्रम प्रयोग गरी लिखित परीक्षा र अन्तर्वाता सञ्चालन गरिनेछ।

**१५.प्रश्नपत्र निर्माण**

(१) शिक्षक तथा कर्मचारी छनोट परीक्षालाइ मर्यादित र ब्यवस्थित गर्नका लागि परीक्षा समितिबाट तोकिएका बिषयबिज्ञहरुले प्रश्नपत्र र उत्तर कुञ्जिका निर्माण गर्नेछन। प्रश्नपत्रको वैद्यता, गोपनियता र विश्वसनियता प्रति सम्बन्धित बिषयविज्ञ नै पुर्ण रुपमा जिम्मेवार, उत्तरदायी र जवाफदेहि हुनेछ।
(२) बिषयविज्ञले तोकिएको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम परीक्षा समितिका संयोजक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी वा शिक्षा प्रमुखको रोहवरमा शाखाबाटै उपलब्ध सामाग्री प्रयोग गरी प्रश्नपत्र तयार गर्नुपर्नेछ।
(३) बिषयविज्ञहरु उपलब्ध भएसम्म प्रश्नपत्र निर्माणकर्ता, मोडरेटर(Moderator) र उत्तरपुस्तिका परीक्षण कर्ता फरक फरक ब्यक्ति हुनुपर्नेछ ।
(४) बिषयविज्ञले बनाएको विषयगत तथा वस्तुगत परीक्षाको प्रश्नपत्र र उत्तरकुञ्जिकामा हेरफेर गरी, परीक्षाको वस्तुनिष्ठता,वैद्यता र विश्वसनीयता कायम गर्न गराउन परीक्षा समितिले आवश्यकता अनुसार मोडरेसन गरी छुट्टाछुट्टै प्रश्नपत्र सेट र उत्तरकुञ्जिका तयार गर्न सक्नेछ।
(५) प्रश्नपत्र निर्माण गर्नुपुर्व बिषयविज्ञहरु तथा परीक्षामा संलग्न ब्यक्तिहरुको साथमा रहेको मोबाइल वा अन्य डिजिटल सामाग्रीहरु बन्द गरी शिक्षा प्रमुखले तोकेको ठाउँमा राखुपर्नेछ ।बिषयविज्ञहरु परीक्षा कार्यक्रम सम्पन्न नहुँदा सम्म शिक्षा प्रमुखको अनुमति बिना अन्य कुनै कसैसँग भेटघाट गर्न र फोनमा कुराकानी गर्न पाउने छैनन।
(६) शिक्षा प्रमुख वा तोकिएका कर्मचारीहरुले परीक्षामा प्रकियागत रुपमा मात्र सहजीकरण गर्ने छन।

**१६. उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण**

(१) परीक्षार्थीहरुको रोल नम्बर कायम गर्ने, उत्तरपुस्तिका कोडिङ गर्ने तथा सो सम्बन्धी गोपनियता कायम गर्ने जिम्मेवारी परीक्षा समिति वा समितिले तोकेको कर्मचारीको हुनेछ।

(२) बिषयविज्ञले बस्तुगत परीक्षाको उत्तरपुस्तिका लाइ उत्तर कुञ्जिका (Answer Key) र बिषयगत परीक्षाको उत्तरपुस्तिका लाइ Marking Scheme बनाएर सोका आधारमा परीक्षण गर्नुपर्नेछ।

(३) बिषयगत र बस्तुगत दुवै प्रकारको परीक्षाको उत्तरपुस्तिका एक जना बिषय विज्ञले परीक्षण र अर्को बिषयविज्ञले सम्परीक्षण गर्नुपर्नेछ ।

(४) पहिलो चरणको लिखित परीक्षाको प्राप्ताङ्को बारेमा जानकारी कोडिङ गर्ने सदस्य बाहेक अरुले थाहा नपाउने गरी गोपनियता कायम गर्ने दायित्व परीक्षा समितिको हुनेछ।

(५) अन्तर्वाताको मुल्याङकन पछि मात्रै समितिका सबै सदस्यले प्राप्ताङ्क हेर्न पाउने गरी अन्तिम नतिजा प्रकाशन कार्य गर्नुपर्नेछ।

## १७. अन्तर्वार्ता र सिफारिस

(१) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा समेतबाट बढी अंक प्राप्त गर्ने उम्मेदवारको नामावली आयोगले तोकेबमोजिम रिक्त पदसंख्याको अनुपातमा उतिर्ण उम्मेदवारहरु थप गरी अन्तर्वार्ताको लागि वर्णानुक्रम अनुसार सूचना प्रकाशित गर्नुपर्नेछ। तर अन्तिम क्रमसंख्यामा एक जना भन्दा बढी उम्मेदवारले बराबर अंक प्राप्त गरेमा त्यस्तो सबै जना उम्मेदवारको नामावली प्रकाशन गर्नुपर्नेछ।

(२) अन्तर्वार्ता लिनका लागि परीक्षा समितिका बिषय विज्ञ सहितका सम्पुर्ण ५ सदस्यीय अन्तर्वार्ता समिति रहनेछ । तर परीक्षा समितिको निर्णय अनुसार सो समितिको संयोजक, बिषय विज्ञ १ जना र सदस्य सचिव गरी ३ जना सदस्य रहेको अन्तर्वार्ता समिति गठन गरी अन्तर्वाता कार्यक्रम सञ्चालन गर्नमा समेत कुनै बाधा पर्ने छैन।

(३) शिक्षकको अन्तर्वार्ताको अंक विभाजन र सञ्चालन प्रकिया शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

क) अन्तर्वार्ताको लागि छुट्टाइएको कुल २५ अंक देहायबमोजिम दिइनेछ।

ख) शैक्षिक योग्यता वापत ५ अंक हुनेछ। सेवा प्रवेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अंक र द्दितिय श्रेणी भएमा २ अंक प्रदान गरिनेछ। सम्बन्धित तह र बिषयको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो योग्यता भएमा प्रथम श्रेणी वापत २ अंक र द्दितिय श्रेणी भएमा १ अंक प्रदान गरिनेछ।

ग) सेवा अनुभव वापत ५ अंक हुनेछ । आयोगले स्थायी शिक्षकको पदपुर्तिको लागि सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा अस्थायी/करार, राहत शिक्षकको रुपमा सेवा गरेको भए प्रत्येक बर्षको ०.५ अकको दरले बढीमा ५ अंक प्रदान गरिने ब्यवस्था गरेको हुँदा यस कार्यविधि बमोजिम अस्थायी/ करार शिक्षक र कर्मचारी छनोट प्रयोजनका लागि सेवा अनुभव वापतको अंक प्रदान गरिने छैन।

घ) अन्तर्वार्ता वापत १५ अंक हुनेछ। अन्तर्वाताको १५ अंक अन्तर्गत उम्मेदवारको ब्यक्तित्व/आचरण वापत ३ अंक, विषयबस्तुको ज्ञान वापत ७ अंक र प्रस्तुतिकरण वापत ५ अंक विभाजन गरिएको छ। तर अन्तर्वार्ताको अंक दिदा कुनै उम्मेदवारलाइ ७० %(१०.५ अंक) भन्दा बढी र ३५ % (५.२५ अंक) भन्दा कम दिनुपर्ने भएमा स्पष्ट कारण खुलाउनुपर्नेछ।

(४) करार शिक्षक र कर्मचारी पदपुर्तिका लागि अन्तर्वार्ता फारम यस कार्यविधिको **अनुसूचीमा ९** मा उल्लेख गरबमोजिम हुनेछ।

(५) छनोट समितिले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (आवश्यकता अनुसार) र अन्तर्वाता समेतको सबै चरणको परीक्षामा प्राप्त अंकको आधारमा सबैभन्दा बढि अंक ल्याउन सफल उम्मेदवारलाइ करार नियुक्तिका लागि सिफारिस सहित योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशित गर्नुपर्नेछ।

(६) शिक्षक तथा कर्मचारी छनोट गर्दा आयोगले तोकेबमोजिम उपलब्ध भएसम्म माग/रिक्त पद संख्याको १० %ले हुने संख्यामा उम्मेदवारको नामावली वैकल्पिक सुचीमा राखुपर्छ।

(७) सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारको नामवली सँग सगै आयोगले तोकबमोजिमको संख्यामा करार सूची जस्तै लिखित परीक्षामा मात्र उतिर्ण भएका उम्मेदवारको नामावली राखेर योग्यताक्रमको प्रतिक्षा सुची समेत प्रकाशित गरिनेछ। सम्बन्धित तह र बिषयको अर्को बिज्ञापन प्रकाशित नगर्दा सम्म सोही प्रतिक्षा सूचीको योग्यताक्रम भित्र रहेका उम्मदवारले विद्यालयमा करार नियुक्तिको अवसर पाउनेछन।

(८) परीक्षा सम्पन्न पश्चात परीक्षा सम्बन्धी सम्पुर्ण कागजातहरु शिलबन्दी खाममा लाहछाप लगाइ सुरक्षित राख्ने दायित्व परीक्षा समितिको हुनेछ।

## परिच्छेद -५
## करार नियुक्ति प्रकिया

**१८. करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी ब्यवस्था** :

(१) सामुदायिक विद्यालयमा रिक्त शिक्षक तथा कर्मचारी करारमा नियुक्ति गर्न शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ मा उल्लेख गरिएको ब्यवस्था बमोजिम सम्बन्धित बिद्यालयले आवश्यक प्रकृया अवलम्वन गर्नुपर्नेछ।

(२) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा विद्यालय ब्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित गरेको करार सूची प्राप्त गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम आयोगबाट प्रकाशित सूचीमा रहेका उम्मेदवारहरु मध्ये बाट ब्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा करार सूचीमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्त हुन निवदेन नपरेमा ब्यवस्थापन समितिले शिक्षक तथा कर्मचारी छनोट समिति मार्फत करार नियुक्ति प्रकिया अगाडी बढाउनेछ ।

(५) उपनियम (४) बमोजिम शिक्षक तथा कर्मचारी छनोट समितिबाट सिफारिस गरेको उम्मेदवारलाइ ब्यवस्थापन समितिले ७ सात दिन भित्र करार सम्झौता गरी बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम करार शिक्षक पदमा नियुक्ति लिनु अघि उम्मेदवारले शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, प्रवेशपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन पेश गर्नुपर्नेछ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक तथा कर्मचारी नियुक्त गरेको र हाजिर गराएको लिखित जानकारी गाउँपालिका कार्यालयलाइ दिनुपर्नेछ।

(८) उपनियम (५) बमोजिम करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पदपुर्ति नभएमा ब्यवस्थापन समितिले यसरी स्थायी पदपुर्ति नभएसम्मका लागि एक पटकमा ६ महिना नबढाइ करारको म्याद थप गर्न सक्नेछ।

(९) नियुक्तिपत्र बुझेको मितिले बढीमा १५ दिन भित्र शिक्षक सम्बन्धित बिद्यालयमा हाजिर हुनुपर्नेछ।

**१९. वैकल्पिक उम्मेदवारलाइ नियुक्त गर्न सक्ने ब्यवस्था** :

(१) विद्यालय ब्यवस्थापन समितिले देहायको अवस्थामा वैकल्पिक सुचीमा रहेका उम्मेदवारलाइ योग्यताक्रम अनुसार करारमा नियुक्ति गर्न सक्नेछ ।

क) सिफारिस गरिएको उम्मेदवारले नतिजा प्रकाशित भएको मितिले ७ दिन भित्र करार नियुक्ति निलएमा

ख) नियुक्ति पत्र बुझेको मितिले १५ दिन भित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा

ग) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भइ वा निजले राजिनामा दिइ वा कुनै कारणवस १ वर्षभित्र सो पद रिक्त हुन आएमा

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम शिक्षक तथा कर्मचारी छनोट समितिले करार नियुक्तिका लागि सिफारिस गरेको मितिले १ बर्ष भित्र विद्यालयमा रिक्त हुने सोहि तह,बिषय र शिक्षक पदमा योग्यताक्रम अनुसार वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाइ करारमा नियुक्ति गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम छनोट समितिले करार नियुक्तिका लागि सिफारिस गरेको मितिले १ वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाइ नियुक्त गर्नेछैन।

(४) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि रिक्त सम्बन्धित तह र बिषयमा शिक्षक तथा कर्मचारी पदपुर्तिका लागि पुन: अर्को विज्ञापन भइ उम्मेदवार नियुक्तिका लागि सिफारिस भएमा अघिल्लो विज्ञापनको वैकल्पिक उम्मेदवारको सुची स्वत:रद्द हुनेछ।

**२०. गाउँपालिका अनुदान शिक्षक र कर्मचारीको करार नियुक्ति सम्बन्धी ब्यवस्था**

(१) यस कार्यविधिको उपनियम (१०) बमोजिम गाउँपालिकाले स्वीकृत गरेको स्थानीय दरबन्दी र रिक्त दरबन्दी विवरण एकिन गरी कार्यालयले गाउँपालिका अनुदान करार शिक्षक र कर्मचारी पदपुर्तिका लागि आवेदन माग गर्दा आवश्यकता अनुसार आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित गरेको करार सूचीका उम्मेदवारलाइ समेत आवेदनको अवसर प्रदान गर्ने गरी विज्ञापन प्रकाशित गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम शिक्षक पदपुर्तिको विज्ञापनमा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेदवारको आवेदन परेको खण्डमा कार्यालयले योग्यताक्रमको आधारमा बढिमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्नेछ।

(३) उपनियम (२) बमोजिम शिक्षक पदपुर्तिको विज्ञापन अनुसार आयोगबाट प्रकाशित करार सूचीमा कुनै उम्मेदवार नरहेमा वा करार सूचीमा समावेश भएका उम्मेदवारको आवेदन नपरेमा कार्यालयले शिक्षक तथा कर्मचारी छनोट समिति मार्फत करारमा शिक्षक नियुक्ति प्रकृया अगाडी बढाउनेछ।

(४) यस कार्यबिधिको परिच्छेद-२ को नियम ३ को उपनियम (७) मा उल्लेखित बमोजिमको शिक्षक तथा कर्मचारी छनोट समितिले करार नियुक्तिका लागि गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम सिफारिस भएको उम्मेदवारले कार्यालयमा नियुक्ति लिनु अघि शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, प्रवेशपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन पेश गर्नुपर्नेछ।

(६) कार्यालयले विज्ञापन गरेबमोजिम करारमा शिक्षक र कर्मचारी नियुक्त गर्नुपर्ने पदसंख्या, तह र बिषयको आधारमा सिफारिस भएका उम्मेदवारहरू लाइ एक भन्दा वढि विद्यालयमा नियुक्ति एवम पदस्थापन गर्नुपर्ने भएमा विद्यालय छनोटको अवसर प्रदान गर्नेछ।

(७) उपनियम (६) बमोजिम छनोट भइ आएका विद्यालयहरू मध्येबाट कार्यालयले उम्मेदवारको सिफारिस योग्यताक्रमलाइ ध्यानमा राखि करार नियुक्ति प्रदान गर्नेछ।तर अपागंता भएका र महिला उम्मेदवारलाइ प्राथमिकतामा राखेर विद्यालय छनोटको अवसर प्रदान गरिनेछ।

(८) उपनियम (७) बमोजिम सफल उम्मेदवारलाइ रिक्त तह, बिषयको शिक्षक र कर्मचारी पदमा सम्बन्धित विद्यालयमा प्रमुख प्रशासकीय अधिकृतले ७ सात दिन भित्र करार सम्झौता गरी बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्नेछन ।

(९) कार्यालयले उपनियम (७) बमोजिम करारमा शिक्षक नियुक्ति गरी सम्बन्धित बिद्यालयमा हाजिर हुन पठाउनेछ ।

(१०) विद्यालयमा हाजिर भएको शिक्षकले कम्तिमा १५ दिन भित्र सम्बन्धित विद्यालय मार्फत हाजिर भएको लिखित जानकारी कार्यालयलाइ दिनुपर्नेछ ।

(११) गाउँपालिका अनुदान शिक्षक र कर्मचारीको हकमा पनि अन्य ब्यवस्था यस कार्यविधिमा उल्लेख गरेबमोजिम सरह नै हुनेछ।

## परिच्छेद - ६
## विविध

**२१.दरखास्त तथा परिक्षा रद्द वा सिफारिस बदर हुन सक्ने**

(१) कुनै उम्मेदवारले झुट्टा विवरण पेस गरी दरखास्त दिएको प्रमाणित भएमा, सोका आधारमा परीक्षा दिएमा वा परीक्षाको मर्यादा भग हुने कुनै किसिमको कार्य गरेमा त्यस्तो उम्मेदवारको दरखास्त रद्द गरिनेछ र त्यस्तो उम्मेदवारको सिफारिस समेत बदर हुनेछ।

(२) करार नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले नियुक्ति लिनु अघि निज सिफारिस हुन नसक्ने कुनै प्रमाणिक कारण उपलब्ध भएमा समितिले त्यस्तो उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ।

**२२. स्वयंमसेवक शिक्षक वा सट्टा शिक्षक सम्बन्धी ब्यवस्था** : (१) सुत्केरी विदा, अध्ययन विदा, अन्य कुनै प्रकारको लामो विदा वा कार्यरत शिक्षक अशक्त/अंपाग भएमा वा अन्य कुनै जटिल स्वास्थ्य समस्याको कारणले विद्यालयमा अनुपस्थित हुने परिस्थितिमा विद्यालयमा स्वयंमसेवक शिक्षक राख्नैपर्ने अवस्था भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालय ब्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा सहजिकरणका लागि प्रचलित नियमानुसार प्रकिया पुरा गरी स्वयंमसेवक शिक्षक वा सट्टा शिक्षक करारमा नियुक्ति गरी पठनपाठनको ब्यवस्था मिलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम करारमा स्वयंमसेवक शिक्षक नियुक्ति तथा छनोट गर्नु पुर्व सम्बन्धित विद्यालयले बिब्यसको निर्णय सहित गाउँपालिकाको कार्यालयलाइ लिखित जानकारी गराउनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम नियुक्ति गरिएको स्वयंमसेवक शिक्षकलाइ विद्यालयले हाजिर भएको मितिदेखि विद्यालयले तोकेमोजिम पारिश्रमिक रकम उपलब्ध गराउन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम स्वंयमसेवक पदमा कार्यरत रहेको शिक्षक दरबन्दी रिक्त भएमा वा रिक्त भइ अर्को शिक्षक ब्यवस्थापन नहुँदा सम्म मात्र स्वंयसेवक शिक्षकको रूपमा कार्यरत रहनेछ तर सो दरबन्दिमा प्रचलित नियमानुसार अर्को शिक्षक ब्यवस्थापन (नियुक्ति, सरूवा, पदस्थापन) भए पश्चात हाजिर भएमा स्वयंमसेवक शिक्षक स्वतः अवकाश हुनेछ।

**२३.पारिश्रमिक सम्बन्धी ब्यवस्था** : (१) शिक्षक तथा कर्मचारी छनोट परीक्षामा संगलन समितिका सदस्य, आमन्त्रित सदस्य, खटिएका कर्मचारी एवम जनशक्ति, सुरक्षाकर्मी, कार्यालय सहयोगी, अनुगमनकर्ता हरूले लोकसेवा आयोगले तथा गाउँपालिकाले तोके बमोजिम पारिश्रमिक पाउने छन ।

